नेपाली राजदूतावास
*Embassy of Nepal*
*Berlin, Germany*

# प्रेस विज्ञप्ती

जर्मनीको राजधानी बर्लिनमा मिति ०७ देखि ०९ मार्च २०२३ सम्म आयोजना भै राखेको ITB Berlin को अवसरमा नेपालको पर्यटन प्रवर्द्धन गर्ने उदेश्यले नेपाली राजदूतावास, बर्लिनले मिति ०७ मार्च २०२३ मा नेपाल पर्यटन बोर्ड र होटल एशोसियसन नेपालको तत्वावधानमा Institute for Cultural Diplomacy सँगको समन्वयमा Institute for Cultural Diplomacy को सभाहलमा **Promote Nepal Evening** कार्यक्रमको आयोजना गरेको थियो।

उक्त कार्यक्रममा नेपालको पर्यटन, कला तथा संस्कृतिका विविध पक्षहरूको प्रवर्द्धन गरिएको थियो। कार्यक्रममा नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्नुभएका संस्कृति, पर्यटन तथा नागरिक उड्डयन सचिव श्री सुरेश अधिकारीज्यूले प्रमुख वक्ताका रूपमा नेपालको पर्यटनका विविध पक्षहरूका बारेमा प्रकाश पार्नुभएको थियो। जर्मनीका लागि नेपाली राजदूत महामहिम श्री रामकाजी खड्काज्यूले पर्यटन, कला र संस्कृति, नेपालमा जर्मनीको लगानी, व्यापार लगायतका द्विपक्षीय विषयहरूमा आफ्ना भनाईहरू राख्नु भएको थियो। सोही अवसरमा नेपाल पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत डा. धनन्जय रेग्मीले नेपालको पर्यटनका सम्बन्धमा प्रस्तुतिकरण दिनुभएको थियो। यसैगरी, होटल एशोसियसन नेपालका प्रतिनिधि श्री दिनेश बहादुर विष्टले पनि नेपालको पर्यटनका विविध क्षेत्रहरूका बारेमा जानकारी दिनुभएको थियो।

कार्यक्रमका क्रममा महामहिम राजदूत श्री खड्का, संस्कृति,पर्यटन तथा नागरिक उड्डयन सचिव श्री अधिकारी, नेपाल पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत डा. रेग्मी, होटेल एशोसियसन नेपालका प्रतिनिधि श्री विष्ट तथा पोखरा पर्यटन उधोगका प्रतिनिधि श्री पोमनारायण श्रेष्ठले Panel Discussion मा सहभागि भई नेपालको पर्यटनका विभिन्न विषयहरूमा अन्तरक्रिया गर्नुभएको थियो। सो कार्यक्रमको सञ्चालन नेपाल पर्यटन बोर्डका निर्देशक श्री लक्ष्मण गौतमले गर्नुभएको थियो। सोही उपलक्ष्यमा होटल एशोसियसन नेपालद्वारा प्रकाशित पुस्तक "Nepal: A Journey from East to West" को समेत विमोचन गरिएको थियो।

**Promote Nepal Evening** कार्यक्रममा नेपालको कला तथा संस्कृतिलाई प्रवर्द्धन गर्ने उदेश्यले ह्याम्बर्गस्थित नेपाली पाठशालाका विधार्थीहरूद्वारा नेपाली सांस्कृतिक नृत्यहरू प्रदर्शन गरिएको थियो। साथै, सोही अवसरमा नेपाली खानाका परिकारहरूको प्रचार तथा प्रवर्द्धन गरिएको थियो। उक्त कार्यक्रममा पर्यटनका क्षेत्रमा संलग्न स्वदेशी तथा विदेशी गरी करिब १५० जनाले सहभागिता जनाउनु भएको थियो र सहभागी सबै पाहुनाहरूलाई पर्यर्टन तथा नेपालमा लगानी सम्बन्धी प्रचार सामग्री वितरण गरिएको थियो।

नेपाली राजदूतावास
बर्लिन

०८ मार्च २०२३
नेपाली राजदूतावास, बर्लिन

Guerickestrasse 27, 10587 Berlin, Germany, Tel: +49 (030) 34 35 99 -20, Fax: +49 (030) 34 35 99 -06
Email: berlin@nepalembassy.de, Web: https://de.nepalembassy.gov.np